# मध्यबिन्दु हरियाली सामुदायिक वन उपभोक्ता समूह
## कावासोती नगरपालिका वडा नं.- १६, नवलपरासी (व.सु.पू.)

च.नं. १३८
प.सं.२०८२/०८३

मिति :-२०८२/११/२९

**विषय :- सिलबन्दी बोलपत्रद्धारा वन पैदावार (काठ/दाउरा) लिलाम विक्रीको सुचना ।**
**(चितवन पोष्ट दैनिकमा प्रथम पटक प्रकाशित मिति २०८२/११/२९)**

प्रस्तुत विषयमा यस सामुदयिक वन उपभोक्ता समुहले व्यवस्थापन गरेको वन क्षेत्रवाट आ.वै. २०८२।०८३ मा उत्पादन भई समुहको घाटगद्दीमा रहेको निम्न लटहरुको साल गोलिया काठ र जर्ना दाउरा (साल) जे जस्तो अवस्थामा छ सोअवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले पहिलो पटकको लागी यो सुचना प्रकाशित गरिएको छ । प्रचलित कानुन बमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएका वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचिकृत भई अद्यावधिक भएका काठ / दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने गरी दर्ता भएका उद्योगले यो सूचना चितवन पोष्ट राष्ट्रिय दैनिकमा पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्यक लटको छुटाछुट्टै बोलपत्र खरिद गरी २२ औ दिन दिनको ४:०० बजे भित्र सामुदायिक वन समूहको कार्यालय वा डिभिजन वन कार्यालय नवलपुरमा दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

तेज बहादुर के.सी.
अध्यक्ष
मध्यविन्दु हरियाली सा.व.उ.स.

**१. लिलाम बिक्री हुने वन पैदावरको विवरण :**

| लट/धाङ नं. | जात/किसिम | ग्रेड | थान | परिमाण (क्यु.फि.) | प्रति ईकाई न्युनतम मुल्य रु. | मुल्यांकन रु. | संकलन खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | साल/गोलिया | ए | १० | १९०.३८ | १२५०/- | २,३७,९७५/- | | |
| | | बी | २२ | २१३.४५ | ९००/- | १,९२,१०५/- | | |
| | | सी | ३२ | ११७.८९ | ६००/- | ७०,७३४/- | | |
| | | डी | ० | ० | ३००/- | ० | | |
| | **जम्मा** | | **६४** | **५२१.७२** | | **५,००,८१४/-** | **५९,९९७.८/-** | |
| २ | साल/गोलिया | ए | १० | २२२.६० | १२५०/- | २,७८,२५०/- | | |
| | | बी | २० | १३७.७ | ९००/- | १,२३,९३०/- | | |
| | | सी | ४७ | १४३.५६ | ६००/- | ८६,१३६/- | | |
| | | डी | १ | १.७ | ३००/- | ५१०/- | | |
| | **जम्मा** | | **७८** | **५०५.५६** | | **४,८८,८२६/-** | **५८,१३९.४** | |
| ३ | साल/गोलिया | ए | १२ | २३०.४७ | १२५०/- | २,८८,०८७.५/- | | |
| | | बी | २२ | १७५.९२ | ९००/- | १,५८,३२८/- | | |
| | | सी | ४२ | १४६.७१ | ६००/- | ८८,०२६/- | | |
| | | डी | ३ | ३.९९ | ३००/- | १,१९७/- | | |
| | **जम्मा** | | **७९** | **५५७.०१** | | **५,३५,६३८.५** | **६४,०५६.१५** | |
| ४ | साल/गोलिया | ए | १४ | २६०.५७ | १२५०/- | ३,२५,७१२.५/- | | |
| | | बी | २० | १५३.५८ | ९००/- | १,३८,२२२/- | | |
| | | सी | ४१ | १४३.०९ | ६००/- | ८५,८५४/- | | |
| | | डी | १ | १.८३ | ३००/- | ५४९/- | | |
| | **जम्मा** | | **७६** | **५५९.०७** | | **५५०३३७.७** | **६४,२९३.०५** | |
| ११ | साल/जर्ना | | | ६.० चट्टा | १२,०००/- | ७२,०००/- | ७२,०००/ | चट्टा नं. |

**मध्यबिन्दु हरियाली सामुदायिक वन उपभोक्ता समूह**
**कावासोती नगरपालिका वडा नं.- १६, नवलपरासी (व.सु.पू.)**

च.नं. १३८
प.सं.२०८२/०८३

मिति :-२०८२/११/२९

तेज बहादुर के.सी.
अध्यक्ष
मध्यबिन्दु हरियाली सा.व.उ.स.

२. बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय स्थान :

क) बोलपत्र खरिद गर्ने अन्तिम मिति : २०८२/१२/१९ गते कार्यालय समय सम्म ।

ख) बोलपत्र दाखिला गर्ने अन्तिम मिति : २०८२/१२/२० गते, दिनको ठिक ४ :०० बजे सम्म । बोलपत्र खरिद तथा दाखिला गर्ने दिन बिदा परे सो को भोलिपल्ट खरिद र दाखिला गर्न सकिनेछ ।

३. बोलपत्रसाथ कबुल गरेको रकमको १०% ले हुन आउने रकम यस समुहको **कृषि विकास बैंक कावासोती शाखा रहेको यस समूहको खाता नं.०४१५२०३०१५७०५०१२** मा जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तिमा ६ महिनाको बैंक ग्यारेण्टि समावेश हुनु पर्नेछ ।

४. बोलपत्रको लागि रु १,०००/- पछि फिर्ता नहुने गरि तिरी यस समुहको कार्यालय र डिभिजन वन कार्यालय नवलपुरवाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वन पैदावर यस समुहको घाटगद्दी स्थलमा गई हेर्न सकिन्छ ।

६. लिलाममा भाग लिन ईच्छुक व्यक्ति, संघसंस्था, फर्मका प्रोपाईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्म दर्ता प्रमाण पत्र, मु. अ. कर दर्ता वा स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि, वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सुचिकृत/अद्यावधिक भएको प्रमाणपत्र प्रतिलिपि, कर चुक्ता प्रतिलिपि, बोलपत्रका साथ पेश गर्नुपर्ने छ । नागरिकता बाहेकका कागजातहरु नियमानुसार नविकरण भएको हुनु पर्नेछ ।

७. निर्धारित न्युनतम संख्याका र रित पुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/१२/२२ गते दिनको १:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ । सो दिन बिदा परे सो को भोलि पल्ट खोलिनेछ ।

८.वन पैदावर कटान मुछान गर्दा लागेको खर्च घाटगद्दी सम्मको ढुवानी र पाईलिङ वापतको सबै संकलन खर्च छुट्टै बुझाउनु पर्ने छ ।

९. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ (पैचालिस) दिन भित्र सकार रकम, कटान मुछान खर्च तथा नियमानुसार लाग्ने करहरु समेत छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावर तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ

१०. रित नपुगी वा म्याद नाघि प्राप्त हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

११. बोलपत्र साकार गरिएको रकम अंक र अक्षरमा दवैमा लेख्नु पर्नेछ अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१२. बोलपत्र खरिद गर्दा लट अनुसार बेग्ला बेग्लै खरिद गरि दाखिला गर्दा पनि बेग्ला बेग्लै दाखिला गरि खाम बाहिर प्रष्ट लट नं. उल्लेख गरेको हुनुपर्नेछ ।

१३. अन्य कुराहरु प्रचलित ऐन नियमानुसार हुनेछ ।

१४. यस सूचनाको संक्षिप्त सुचना चितवन पोष्ट दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनसम्म कार्यालय समयभित्र बोलपत्र वापत तोकिएको तस्तुर तिरी (पछि फिर्ता नहुने गरी ) श्री डिभिजन वन कार्यालय नवलपुर र यस समुहको कार्यालय बाट खरिद गर्न सकिनेछ । बोलपत्र खरिद गर्नको लागी प्रोपाइटर आफै उपस्थित नभई प्रतिनीधि पठाएमा प्रोपाइटरको मन्जुरीमा निवेदन साथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

१५. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समुहको कार्य समितीमा निहित रहनेछ ।